# ब्रह्मपुरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड १९ संख्या ०२ मितिः२०८३।०१।१५.

**भाग-२**

## ब्रह्मपुरी गाउँपालिकाको बालविवाह मुक्त अभियान निर्देशिका २०८२

मिति २०८३ बैशाख ०८ गते कार्यपालिका बैठकबाट स्वीकृत भएका **ब्रह्मपुरी गाउँपालिकाको बालविवाह मुक्त अभियान निर्देशिका २०८२** सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

आज्ञाले,
धनन्जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

# बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०८२

ब्रह्मपुरी गाउँपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बालविवाह मुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको संरक्षण र प्रबर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस निर्देशिकाको नाम "बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८२" रहेको छ ।

२. यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२.सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले ब्रह्मपुरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको "अध्यक्ष" सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाल ब्रह्मपुरी गाउँपालिकाको "उपाध्यक्ष" सम्झनु पर्छ ।

(च) "कार्यपालिका सदस्य' भन्नाले ब्रह्मपुरी गाउँपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुनसक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले यस ब्रह्मपुरी गाउँपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले ब्रह्मपुरी गाउँपालिका अन्तरगतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) "वडा सदस्य" भन्नाले ब्रह्मपुरी गाउँपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) “कार्यपालिका सदस्य” भन्नाले ब्रह्मपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ढ) “सामाजिक संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) “निजी संस्था” भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ ।

## परिच्छेद - २

## बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा गर्दा अपनाइने प्रक्रिया

२.१ गाउँपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाति, वर्ग र समुदायका बालबालिका, किशोरकिशोरी, शिक्षक, वडा बालअधिकार समिति, समाजसेवी, धार्मिक अगुवा, प्रहरी, अभिभावकसँग बाल विवाहका विद्यमान कारणहरु र सो को समाधानका उपायहरुका बारेमा छलफल गरी गाउँपालिकाका स्तरीय बहुक्षेत्रीय बालविवाह अन्त्य सम्बन्धी रणनीतिक योजना निर्माण गर्ने ।

२.२ वडा तथा गाउँपालिकाको वार्षिकरुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने ।

२.३ बालविवाहको तथ्यांकको आधारमा बालविवाह बढी हुने वस्ती, टोल, समुदाय तथा वडा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

२.४ गाउँपालिका तथा वडास्तरमा बालविवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

२.५ बालविवाह विरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवं क्रियाकलाप सञ्चालन गर्ने ।

२.६ पालिका/वडास्तरीय सरोकारवालाहरुबीचको वैठकमा बालविवाह मुक्त गाउँपालिका र वडा घोषणा गर्न आधारभूत सूचक माथि छलफल गर्ने ।

२.७ गाउँपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही गाउँ तथा वडास्तरीय बालअधिकार समिति मार्फत बालविवाहमुक्त वडा र गाउँपालिकाको लागि रणनीतिक योजना अन्तर्गत वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न वस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालिम, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

२.८ गाउँपालिका तथा वडा बालअधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लव, किशोरी क्लब, युवा क्लब, विद्यालय, स्थानीय धामी झाँक्री समुह, महिला समुह, आमा

समुह, धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दलमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

२.९ गाउँपालिकास्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बालक्लब, किशोरी क्लब, धार्मिक गुरु, धामीझाँक्री समुह, महिला सञ्जाल लगायतका सरोकारवालाहरु बीच सार्वजनिक संवाद एवम् सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

२.१० हरेक विद्यालयस्तरमा किशोरकिशोरीहरुलाई केन्द्रित गरी वृहत् स्वास्थ्य शिक्षा र अध्यात्मिक कक्षा एवम् सत्रहरु सञ्चालन गर्ने ।

२.११ विभिन्न महामारी तथा विपद्को अवस्थालाई मध्यनजर गरी स्थानीय रेडियो, माइक, पत्रपत्रिका एवम् अन्य श्रव्यदृष्य सामाग्रीहरु मार्फत सचेतना अभियान सञ्चालन गर्ने ।

२.१२ गाउँपालिकालाई बालविवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बालविवाह मुक्त घोषणाका लागि वडास्तरीय बालअधिकार समितिको निर्णयअनुसार स्थानीय बालअधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णयानुसार बालविवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

२.१३ बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाइन मिडिया र पत्रिकाहरुसँगको समन्वय, सहयोग तथा साझेदारीमा प्रचार प्रसार गर्ने ।

२.१४ स्थानीय धार्मिक गुरु, वाद्यवादक, धामीझाँक्री, पुरोहित तथा ज्योतिषहरु मार्फत आजको दिनदेखि २० वर्षभन्दा मुनिका व्यक्तिहरुको विवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिबद्धता गराउने ।

२.१५ गाउँपालिकाले स्थानीय प्रहरीसँग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

२.१६ बालविवाह मुक्त वडा र गाउँपालिकालाई घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक र बाजागाजाहरु तथा अन्य सचेतनामूलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।

२.१७ बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त पालिका/वडामा सहयोग पुर्‍याउने व्यक्ति, संघ/संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

२.१८ बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले तथा पालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

२.१९ बालविवाह मुक्त वडा घोषणा भएपछि सर्वपक्षीय छलफलवाट वडा बालअधिकार समितिले बालविवाह मुक्त वडा घोषणाका सूचकहरुमा प्रगति कायम राख्न एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

२.२० गाउँपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न बालविवाहमुक्त अभियानहरुको प्रभावकारिता बारेमा आवश्यक अध्ययन, अनुसन्धान गरी असल सिकाइहरुको प्रचार प्रसार गर्ने ।

## परिच्छेद - ३

## वडा र पालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु

वडाहरु र गाउँपालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्नका लागि देहायअनुसारका सूचकमा ९० प्रतिशतभन्दा बढी अंक हासिल गरेको हुनुपर्नेछ । बालविवाह मुक्त क्षेत्र घोषणा गर्नुअघि गाउँपालिका र सम्बन्धित वडाले सूचक प्राप्तिको सुनिश्चितताको लागि मूल्यांकनको प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

३.१ वडा र पालिकामा विवाहका घटनाहरुको तथ्यांङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।

३.२ गाउँपालिकामा बाल संरक्षण संयन्त्र बनेको, (बालअधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बालविवाह अन्त्यसम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बालकल्याण अधिकारी तोकेको) हुनु पर्ने ।

३.३ सबै बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

३.४ गाउँपालिकाले बाल संरक्षण नीति बनाई लागू गरेको हुनु पर्ने ।

३.५ वडास्तरीय र गाउँस्तरीय बालअधिकार समिति क्रियाशील भएको हुनु पर्ने ।

३.६ पालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/महिला समुहहरु बालविवाह विरुद्ध सक्रिय एवम् क्रियाशील भएका हुनु पर्ने ।

३.७ बालविवाहका घटनाहरुको उजुरी तथा सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

३.८ धामीझाँक्री, वाद्यवादक तथा पुरोहित आदिले बालविवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।

३.९ बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

३.१० घरदैलो अभियानमार्फत वस्ती तथा वडाका सबै बालबालिका, किशोरकिशोरी र अभिभावकहरुलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने र कदाचित भएमा कानूनी प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गराएको हुनु पर्ने ।

३.११ बालबालिका आफैँले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।

३.१२ बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्यांक अनुसार जम्मा विवाहमध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्ने । वा बालविवाह मुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।

३.१३ गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि ९० प्रतिशत वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

३.१४ पालिका तथा वडामा अनिवार्य विवाह दर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४

## सरोकारवालाहरुको भूमिका

४.१ जन्म दर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

४.२ बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिबद्ध भई सहयोग गर्ने ।

४.३ विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिकस्थलमा बालसंरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।

४.४ बालविवाह विरुद्धको अभियानमा सबै पक्षले स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समितिसँग आवश्यक सहयोग र सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।

४.५ सबै सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले आआफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप समावेश गरी सञ्चालन गर्ने ।

४.६ बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमनपछि प्रतिवेदन तयार गरी बालअधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

४.७ गाउँ बालअधिकार समितिको अगुवाइमा बालविवाह सम्बन्धी गाउँस्तरीय रणनैतिक योजना निर्माण गरी लागू गर्ने ।

४.८ बालविवाह मुक्त वडा र पालिका घोषणा पश्चात पनि समूदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५

## बालविवाह मुक्त वडा तथा पालिका घोषणाको दिगोपना

५.१ बालविवाह मुक्त वडा तथा गाउँपालिका घोषणापश्चात वडा तथा पालिकास्तरीय बालअधिकार समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिकाहरु सहितको उपस्थितिमा वार्षिक कार्ययोजना निर्माण गरिएको हुनुपर्ने ।

५.२ बालविवाह मुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका लागि वडा कार्यालय तथा गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने ।

५.३ प्रत्येक बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरी कार्यक्रम सञ्चालनमा ल्याएको हुनुपर्ने ।

५.४ बालविवाहका घटनाको उजुरी र घटनाको सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा प्रभावकारीरुपमा सञ्चालनमा आएको हुनुपर्ने ।

५.५ पालिका तथा वडास्तरमा अर्धवार्षिकरुपमा बालविवाहको अवस्थाका बारेमा सरोकारवालाहरुसँग छलफल एवम् समीक्षा हुनुपर्ने ।

## परिच्छेद - ६

## बाधा अडकाउ फुकाउने र संसोधन

६.१ यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६.२ **बाधा अडकाउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार ब्रह्मपुरी गाउँकार्यपालिकालाई हुनेछ ।

६.३ **संशोधन** : यस निर्देशिकामा आवश्यकता अनुसार ब्रह्मपुरी गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०८३।०१।०८